**नीति जेजेआइइ/जेजेआइएफ – लागू औषध र स्टेरोइडको प्रयोग/विद्यालयको खेलकुदमा विद्यार्थीको आचरण**

अनुशासनात्मक कारवाही अन्तरगत नपरेसम्म खेल्न अनुमति भएको खेलहरु खेल्न पाउने सुविधा प्रत्येक विद्यार्थीलाई हुनु पर्दछ ।

कुनै पनि खेलकुदको मौसममा सहभागी भएको वेला खेलाडीहरुले सूर्ती (चुरोट खाने, चपाउने वा नस) को प्रयोग गर्न वा साथमा राख्न, मादकपदार्थ प्रयोग गर्न वा साथमा राख्न, हानीकारक पदार्थहरुको गैरकानुनी प्रयोग गर्न वा साथमा राख्न, वा नारकोटिक्सको गैरकानूनी प्रयोग वा लागूपदार्थहरु दुरव्यसनी वनाउने एनावोलिक स्टेरोइडहरुको प्रयोग गर्न वा साथमा राख्न सदाका लागि र सवै ठाउँहरुमा प्रतिवन्धित गरिएको छ ।

विद्यार्थीहरुको आचरण र अनुशासन सम्वन्धमा लागू हुने नीतिहरु एवं नियमहरु खेलकुद कार्यक्रममा पनि लागू हुनेछन् । यस्को अतिरिक्त, सवै सहभागीहरु *डेनभर पव्लिक स्कूल्सको एथलेटिक लिगको विधान, उपनियमहरु तथा स्थायी नियमहरु* अन्तरगत पर्नेछन् ।

आचरण सम्वन्धी माथिका मापदण्डको उलंघनको नतिजा खास कुनै खेलकुदको आयोजनामा सहभागी नगराउने देखि खेलकुदमा सहभागी हुन वन्देज लगाउने सम्मको सजायहरु हुन सक्नेछन् । विद्यालयवाट विद्यालय–वाहिरको लागि निलम्वन भएको कुनै पनि वेलामा खेलाडी खेल खेल्न अयोग्य हुनेछ तथा उसलाई पुनरस्थापित नगरिएसम्म र कक्षाहरुमा हाजिरभै नपढेसम्म खेलकुदको अभ्यासमा वा निर्धारित प्रतियोगिताहरुमा भाग लिन उसले पाउने छैन ।

प्रशिक्षक (कोच) हरुको पनि तालिम सम्वन्धी थप नियमहरु हुन सक्नेछन् जुन यदि तोडिएमा टोलीवाट निष्कासनको दण्ड सजाय हुन सक्नेछ ।

खेलकुद कार्यक्रम भित्र विद्यार्थीहरुको आचरण उच्च स्तरमा कायम राख्नु पर्ने कुरा महत्वपूर्ण भएका विद्यार्थी खेलाडीलाई कुनै किसिमको दण्ड सजाय भन्दा पहिले विद्यालयका प्रिन्सिपलले तोकेको प्रशासकले प्रमाणलाई पुनरावलोकन गर्नेछन् तथा विद्यार्थी खेलाडीको वास्तवमा नै लिगको नियमको उलंघन गरेको हो हैन भन्ने कुराको ठहर गर्नेछन् ।

सवै दण्डसजायहरु अन्तिम हुनेछन् र खेलाडी एवं प्रशिक्षण कर्मचारीहरुका सदस्यहरुका लागि वाध्य हुनेछन् ।

विद्यार्थीहरु, आमावावुहरु तथा यसमा चासो भएका सवै पक्षहरुको अधिकारहरुलाई रक्षा गर्न लिगले पुनरावेदनको प्रकृया प्रदान गर्नेछ ।

स्वीकृत गरिएको अगष्ट २०, १९७६
अभ्याससँग सदृश हुनका लागि परिमार्जित : निर्देशिका स्वीकृत गरिएको मिति

कस सन्दर्भहरु : जेआइसी, विद्यार्थी आचरण तथा सब्सकोड्स
जेके, विद्यार्थी अनुशासन, तथा सब्सकोड्स